# स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७३।१२।५

संशोधन
स्थानीय तह निर्वाचन (आर्थिक) (पहिलो संशोधन) निर्देशिका, २०७३ २०७४।०१।१७

स्थानीय तहको निर्वाचन सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालय तथा मतदान अधिकृतबाट विभिन्न शीर्षकमा हुने खर्च र अन्य आर्थिक कारोबार समेतको व्यवस्थापन गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ग) निर्वाचन अधिकारी" भन्नालेनिर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(घ) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनुपर्छ र सो शब्दले स्थानीय तहको उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ङ) "निर्वाचन अधिकृत"भन्नाले स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा ७ बमोजिम नियुक्त हुने निर्वाचन अधिकृत सम्झनुपर्छ र सो शब्दले मुख्य निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(च) "मतदान अधिकृत"भन्नाले स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनुपर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

परिच्छेद-२

## कार्यालय स्थापना र खाता सञ्चालन सम्बन्धी व्यवस्था

३. **कार्यालय स्थापना गर्नुपर्ने :** (१) मुख्य निर्वाचन अधिकृतले आफू खटिएको जिल्लाको जिल्ला सदरमुकाम रहेको गाउँपालिका वा नगरपालिकाको केन्द्रमामुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(२) मुख्य निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम कार्यालय स्थापना गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालय वा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालय वा अन्य कुनै सरकारी वा सरकारी स्वामित्वका कार्यालयमा स्थापना गर्नु पर्नेछ ।

तर त्यस्ता कार्यालयमा पर्याप्त स्थान अभावको कारण घर भाडामा लिनुपर्ने अवस्थामा दफा १५ को उपदफा (१) बमोजिमको बजेटको सीमाभित्र रही उपयुक्त स्थानमा घर भाडामा लिन सकिने छ ।

(३) निर्वाचन अधिकृतले आफू नियुक्त भएको गाउँपालिका वा नगरपालिकाको केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय भवनमा स्थापना गर्नु पर्नेछ ।

तर सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय भवनमा कार्यालय सञ्चालनको लागि पर्याप्त स्थान नभएमा वा निर्वाचन सामग्रीको भण्डारणका लागि स्थानको अभाव हुने अवस्थामा दफा १५ को उपदफा (२) बमोजिमको बजेटको सीमाभित्र रही आवश्यकतानुसार थप घर वा कोठा भाडामा लिन सकिने छ ।

४. **निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी :** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मुख्य निर्वाचन अधिकृत | एक जना |
| (ख) | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय (प्रशासनिक कार्य सम्पादन गर्ने) | एक जना |
| (ग) | शाखा अधिकृत (आचारसंहिता अनुगमनकर्ता समेतको काम गर्ने) | एक जना |
| (घ) | लेखा अधिकृत वा लेखापाल | एक जना |
| (ङ) | सहायक कर्मचारी, प्रशासन (ना.सु वा खरिदार) | दुई जना |
| (च) | सहायक कर्मचारी (कम्प्युटर अपरेटर) | एक जना |
| (छ) | सवारी चालक वा सयस | एक जना |
| (ज) | कार्यालय सहयोगी | दुई जना |

(झ) सुरक्षा गार्ड एक जना

(२) मुख्य निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | निर्वाचन अधिकृत | एक जना |
| (ख) | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय (प्रशासनिक एवम् आचार संहिता अनुगमनकर्ताको समेत कार्य गर्ने) | एक जना |
| (ग) | सहायक कर्मचारी (ना.सु./ खरिदार) | एक जना |
| (घ) | सहायक कर्मचारी (लेखापाल/ सहलेखापाल) | एक जना |
| (ङ) | कम्प्युटर अपरेटर (कम्प्युटर उपलब्ध भएको स्थानमा मात्र) | एक जना |
| (च) | सवारी चालक वा सयस (सरकारी सवारी साधन वा घोडा उपलब्ध भएको अवस्थामा मात्र) | एक जना |
| (छ) | कार्यालय सहयोगी | दुई जना |
| (ज) | सुरक्षा गार्ड | एक जना |

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी उपलब्ध भएसम्म सम्बन्धित गाउँपालिका वा नगरपालिकामा कार्यरत सरकारी कर्मचारीमध्येबाट र त्यस्ता कर्मचारी उपलब्ध हुन नसकेमा मात्र जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

(५) निर्वाचन कार्यक्रम सञ्चालन अवधिको कार्यचापलाई दृष्टिगत गरी उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनदेखि छ दिनसम्मका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका थप जनशक्ति काजमा ल्याउन सकिने छ :-

(क) पाँचवटासम्म वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाका निर्वाचन अधिकृतको कार्यालयमा थप नहुने,

(ख) पाँच वटाभन्दा बढी वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाको हकमा प्रत्येक थप दुईवटा वडाका लागि दुई जना ,

(ग) पाँच वटाभन्दा बढी वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाको हकमा प्रत्येक थप चार वटा वडाका लागि एक जना कार्यालय सहयोगी

(६) उपदफा (५) को खण्ड (ख) र (ग) बमोजिमको जनशक्ति काजमा ल्याउँदा स्थानीयस्तरमा रहेका कुनै कार्यालयमा कार्यरत निजामती सेवाका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षक र कार्यालय सहयोगीलाई काजमा ल्याउनु पर्नेछ ।

(७) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च एवं मतदान केन्द्र सम्बन्धी खर्च भुक्तानी दिने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मका लागि देहाय बमोजिम लेखापाल, सहलेखापाल कर्मचारी काजमा ल्याउन सकिने छ :-

(क) पचास वटासम्म मतदान केन्द्र भएका जिल्लामा थप नगर्ने,

(ख) एकाउन्नदेखि एकसय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप दुई जना,

(ग) एकसय एकदेखि दुई सयवटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप तीन जना,

(घ) दुईसय एकदेखि तीन सयवटासम्म मतदानकेन्द्र भएका जिल्लाका लागि थप चार जना,

(ङ) तीनसय एकदेखि पाँच सयवटासम्म मतदानकेन्द्र भएका जिल्लाका लागि थप पाँच जना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि थप छ जना ।

(८) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र रुजु गर्ने, प्याकेजिङ गर्ने, मतदान अधिकृतलाई मतपत्र बुझाउने कामको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मको लागि देहाय बमोजिम कर्मचारी काजमा ल्याउन सकिनेछ :

(क) पचास वटासम्म मतदान केन्द्र भएका जिल्लामा थप नगर्ने,

(ख) एकाउन्न देखि एक सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप दुई जना,

(ग) एक सय एक देखि दुई सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप तीन जना,

(घ) दुई सय एकदेखि तीनसय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप चार जना,

(ङ) तीन सय एकदेखि पाँचसय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप पाँच जना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि थप छ जना ।

(९) निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत र उपदफा (१) र (३) मा उल्लिखित कर्मचारी गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको लागि महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन सम्पन्न भएको मितिले बढीमा पन्ध्र दिनसम्म काजमा रहनेछन् ।

तर निर्वाचन अधिकृत, सहायक कर्मचारी एकजना, लेखाको कर्मचारी एकजना, सवारी चालक वा सयस, कार्यालय सहयोगी एकजना र सुरक्षा गार्ड बाहेक अन्य कर्मचारी त्यस्तो निर्वाचन सम्पन्न भएको पाँच दिनसम्म मात्र काजमा रहनेछन् ।

(१०) मुख्य निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने फर्निचर तथा भौतिक साधन एवं सामग्री जिल्लास्थित सरकारी तथा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका कार्यालयबाट प्राप्त गर्नुपर्नेछ ।

(११) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने फर्निचर तथा भौतिक साधन सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय वा स्थानीयस्तरमा रहेका सरकारी तथा सरकारी स्वामित्वमा रहेका रहेका कार्यालय वा सामुदायिक विद्यालयबाट प्राप्त गर्नुपर्नेछ ।

५. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्था:** (१) निर्वाचन अधिकृतको कार्यालय र मतपत्र एवं मतपेटिका राखिएको ठाउँको सुरक्षाको लागि पाँच जना सुरक्षाकर्मीहरू राख्न सकिनेछ ।

(२)मतदान कार्य सम्पन्न भएपछि मतदान अधिकृतले बुझाउन ल्याएका मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणना स्थलको सुरक्षाको लागि निर्वाचन अधिकृतको कार्यालयमा पन्ध्रजनासम्म सुरक्षाकर्मी राख्न सकिनेछ ।

**६.** **संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने :** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र लेखा अधिकृत वा लेखापाल वा सहलेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नु पर्नेछ ।

**७.** **रकम निकासा दिनु पर्ने :** (१) आयोगको आदेश बमोजिम जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा रकम निकासा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निकासाको आदेश दिँदा जिल्लाभरका सम्पूर्ण स्थानीय तहमा रहेका मतदान केन्द्रमा खटिने कर्मचारीको दैनिक तथा भ्रमण भत्ता बापतको खर्च र मतदान केन्द्रमा हुने खर्चका लागि मतदान अधिकृतलाई भुक्तानी दिइने खर्च बापतको रकम मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई निकासा दिइनेछ ।

## परिच्छेद – ३

## निर्वाचन अधिकृतको कार्यालयको लागि खर्च सम्बन्धी व्यवस्था

**८.** **निर्वाचनभत्ता (खर्च शीर्षक नं.२१११९):** [±](१) निर्वाचन अधिकृतलाई नियुक्ति पाएको मितिदेखि र दफा ४ को उपदफा (१) र (३) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मितिदेखि दफा ४ को उपदफा (९) मा उल्लिखित अवधिसम्म निजले खाइपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता बापत भुक्तानी दिइनेछ । त्यसरी भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।

[♣](१क) दफा ४ को उपदफा (१) र (३) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिएका निर्वाचन अधिकृत लगायतका अधिकृतस्तरका कर्मचारीलाई दैनिक सात सय रुपैयाँ र अन्य सहायकस्तरका कर्मचारीलाई दैनिक पाँच सय रुपैयाँका दरले कार्यालयमा हाजिर भएको दिनको खाना खाजा खर्च उपलब्ध गराइनेछ । त्यसरी खाना खाजा खर्च रकम भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।

(२) निर्वाचन भत्तामा दुर्गमस्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन ।

(३) मुख्य निर्वाचन अधिकृतले जिल्लाभित्रका निर्वाचन अधिकृतहरू बीच सम्पर्क तथा समन्वय कायम गर्न सम्बन्धित जिल्लामा रहेका स्थानीय तहको संख्याका आधारमा थप प्रति

---

± पहिलो संशोधनद्वारा संशोधित ।

♣ पहिलो संशोधनद्वारा थपिएको ।

स्थानीय तहको लागि छ सय रूपैयाँका दरले एकमुष्ट थप रकम भुक्तानी पाउनेछन् ।तर त्यस्तो रकममा पन्ध्र प्रतिशत अग्रीम आयकर कट्टा गर्नु पर्नेछ ।

९. **स्थानीय भत्ता** (**खर्च शीर्षक नं**.२२७११) : अर्थ मन्त्रालयको प.स.व.त.३५-३-११०(ग) को परिपत्र अनुसार स्थानीय भत्ता पाउने भनी उल्लेख भएका जिल्लाहरूमा अन्यत्र जिल्लाबाट खटिई आएका निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले सोही परिपत्रमा उल्लेख भए बमोजिम स्थानीय भत्ता पाउनेछन् ।

१०. **खाद्यान्न तथा आहार**(**खर्च शीर्षक नं**.२२३१२): सवारी साधन नचल्ने जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सरकारी घोडा रहेको भए घोडाको दाना बापत प्रतिदिन तीनसय पचास रूपैयाँका दरले खर्च गर्न सकिनेछ ।

११. **धारा तथा बिजुली महशुल** (**खर्चशीर्षक नं**.२२७११) : निर्वाचन अधिकृतको कार्यालयको धारा तथा बिजुली महशुल भुक्तानीको लागिसो कार्यालय रहेसम्म प्रतिमहिना बिल बमोजिम बढीमा पाँचहजार पाँच सय रूपैयाँसम्म खर्च गर्न सकिनेछ ।

१२. **सञ्चार महशुल** (**खर्च शीर्षक नं**.२२११२) : (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयको लागि दुई लाइन र ल्याण्डलाइन सुविधा पुगेका गाउँपालिका वा नगरपालिकाका निर्वाचन अधिकृतको कार्यालयको लागि एकलाइन टेलिफोन/फ्याक्सको लागि जडान गरिनेछ । यसरी जडान गर्दा लाग्ने जडान खर्च जिल्ला निर्वाचन कार्यालय मार्फत उपलव्ध गराइनेछ ।

(२) निर्वाचन अधिकृतको कार्यालयले सञ्चार महशुल बापत प्रतिमहिना बढीमा पाँच हजार पाँच सय रूपैयाँसम्म खर्च गर्न सक्नेछ ।

१३. **टेलिफोन तथा मोबाइल महशुल सुविधा** (**खर्च शीर्षक नं**.२२११२) : निर्वाचन सम्बन्धी कामको लागि विभिन्न स्थानमा रहेका बखत समेत आयोग तथा कार्यालयमा सम्पर्क गर्नको लागि निर्वाचन अधिकृतले मोवाइल तथा फुटकर टेलिफोन महशुल वापत निर्वाचन अवधिभर एकमुष्ट पाँचहजार पाँचसय रूपैयाँ सुविधा पाउनेछ ।

१४. **कार्यालय सम्बन्धी खर्च**(**खर्चशीर्षकनं**.२२३११): निर्वाचन अधिकृतको कार्यालयले कार्यालय सम्बन्धी कामका लागि देहाय बमोजिमको रकम खर्च गर्न सक्नेछ :-

| सि. नं. | विवरण | मुख्य निर्वाचन अधिकृतको कार्यालय | निर्वाचन अधिकृतको कार्यालय |
|---|---|---|---|
| १ | दैनिक प्रयोगमा आउने कागज, खाम, फाराम र अन्य कार्यालय सामानको लागि | २०,०००।- | १५,०००।- |
| २ | हुलाक खर्च आदिको लागि | ६०००।- | ५,०००।- |
| ३ | फोटोकपी तथा छपाई आदिको लागि | ७,०००।- | ६,०००।- |
| ४ | पत्रपत्रिकाको लागि | २,५००।- | २,५००।- |
| ५ | फर्निसिङ्ग | १०,०००।- | ८,०००।- |
| | जम्मा | ४५,५००।- | ३६,५००।- |

१५. **घरभाडा खर्च**(**खर्च शीर्षकनं**.२२१२१)**:** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रयोजनको लागि दफा ३ को उपदफा (२) बमोजिम घर भाडामा लिनुपर्ने अवस्थामा मुख्य निर्वाचन अधिकृतको

कार्यालयका लागि महानगरपालिका र उपमहानगरपालिकामा प्रति महिना तीस हजार रूपैयाँ, नगरपालिकामा पच्चीस हजार रूपैयाँ र गाउँपालिकामा बीस हजार रूपैयाँमा नबढ्ने गरी घरभाडामा लिन सकिने छ ।

(२) जिल्ला सदरमुकाम रहेको गाउँपालिका वा नगरपालिका बाहेकका गाउँपालिका वा नगरपालिकामा स्थापना हुने निर्वाचन अधिकृतको कार्यालयको लागि दफा ३ को उपदफा (४) बमोजिम थप घर वा कोठा भाडामा लिनुपर्ने अवस्थामा प्रति महिना दस हजार रूपैयाँ मा नबढ्ने गरी घर वा कोठा भाडामा लिन सकिने छ ।

(३) उपदफा (१) वा (२)बमोजिमघर वा कोठाको भाडा निर्धारण गर्नुपर्दा रेण्ट कमिटीको निर्णय आवश्यक पर्ने छैन ।

(४) निर्वाचन अधिकृतको कार्यालयले यस दफा बमोजिम भाडामा लिएको घर वा कोठाको भाडा भुक्तानी गर्दा अनिवार्य रुपमा दश प्रतिशत रकम घरवहालकर कट्टी गरी राजश्व शीर्षक**नं.**११!१३१मा जम्मा गर्नुपर्नेछ र त्यस्तोकट्टी रकम सम्वन्धित जिल्लाको आन्तरिक राजश्व कार्यालयको राजश्व खाता वा सो कार्यालय नभएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

**१६. मर्मत तथा सम्भार (खर्च शीर्षक नं. २२२१२) :** सवारी साधन चल्ने जिल्लाका निर्वाचन अधिकृतले सरकारी चारपाङ्ग्रे सवारी साधन प्रयोग गरेमा निर्वाचन अवधिभरको लागि गाडी मर्मत बापत बढीमा बीस हजार रूपैयाँ म्म खर्च गर्न सक्नेछ ।

**१७. इन्धन (खर्चशीर्षक नं.**२२२११)**:** (१) निर्वाचन अधिकृतले सरकारी गाडी प्रयोग गरेकोमा सोको इन्धन खर्च बापत बढीमा बीस हजार रूपैयाँ सम्मखर्च गर्न सकिनेछ ।

(२) कुनै निर्वाचन अधिकृतले सरकारी गाडी प्रयोग नगरी सरकारी वा निजी मोटर साइकल प्रयोग गरेको अवस्थामा सोको इन्धन र मर्मत बापत एकमुष्ट सात हजार रूपैयाँ खर्च गर्न सकिनेछ ।

**१८. विविध खर्च (खर्च शीर्षक नं.**२२७११)**:**अतिथि सत्कार वा भैपरी आउने कामको लागि विविध खर्चमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयकालागि एकमुष्ट क्रमश:बाह्र हजार रूपैयाँ रआठ हजार रूपैयाँ सम्मखर्च गर्न सकिनेछ ।

**१९. मतगणना जनशक्ति र खर्च (खर्च शीर्षक नं.**२१११९)**:** (१) गाउँपालिका वा नगरपालिकामा मतगणना कार्यको लागि प्रति सिफ्ट (आठ घण्टाको एक सिफ्ट) को लागि ±उपदफा (३क) मा तोकिए बमोजिमको संख्यामा मतपत्र गणना गर्ने गरी देहाय बमोजिम जनशक्ति रहेको टोली हुनेछ :

(क) प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) १ जना

(ख) मतगणना अधिकारी (रा.प.तृ. श्रेणी) १जना

(ग) सुपरिवेक्षक (ना.सु.) १ जना
(प्रशासनिक कागजात समेत तयार गर्ने)

(घ) गणक (ना.सु,वा खरिदार स्तर वा सो सरह) ३ जना

± पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) सहयोगी (कार्यालय सहयोगी/पाले वा सो सरह)१ जना

±(२) निर्वाचन अधिकृतले गणना गर्नुपर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकै समयमा दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गर्न सक्नेछ । त्यसरी मतगणना टोली परिचालन गर्दा मतगणना कार्यको लागि आवश्यक पर्ने गुन्द्री, कार्पेट, चकटी जस्ता सामग्री तथा बत्ती, पानी जस्ता सुविधाको व्यवस्थाको लागि देहाय बमोजिमको रकम उपलब्ध गराइने छ :-

(क) महानगरपालिका वा उपमहानगरपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयको लागि बीस हजार रुपैयाँ,

(ख) नगरपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयका लागि अठार हजार रुपैयाँ,

(ग) गाउँपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयको लागि पन्ध्र हजार रुपैयाँ ।

(३) प्रमुख मतगणना अधिकारी सबै सिफ्ट र टोलीको मतगणना कार्यमा संलग्न रहनु पर्नेछ ।

♣(३क) उपदफा (१) बमोजिमको मतगणना टोलीले मतगणना गर्दा एक सिफ्टमा कम्तीमा देहाय बमोजिमको संख्यामा मतगणना गर्नु पर्नेछ :-

(क) अठार र बाईस लहरका मतपत्र आठ सय थान,

(ख) अठ्ठाईस र छत्तीस लहरका मतपत्र सात सय थान,

(ग) चौवालीस लहरको मतपत्र छ सय थान,

(घ) अठ्सठ्ठी लहरको मतपत्र पाँच सय थान ।

±(४) उपदफा (३क) बमोजिमको संख्यामा मतगणना गर्ने कर्मचारीलाई प्रति सिफ्ट देहाय बमोजिमको रकम उपलब्ध गराइने छ :-

(क) प्रमुख मतगणना अधिकारीलाई एक हजार रुपैयाँ,

(ख) मतगणना अधिकारीलाई आठ सय रुपैयाँ,

(ग) सुपरीवेक्षकलाई सात सय रुपैयाँ,

(घ) गणक तीन जनालाई प्रति व्यक्ति सात सय रुपैयाँ,

(ङ) सहयोगीलाई पाँच सय रुपैयाँ ।"

±(५) मतगणना कार्यमा एकै सिफ्टमा एकभन्दा बढी टोली परिचालन गरिएकोमा निर्वाचन अधिकृत (प्रमुख मतगणना अधिकारी) लाई प्रति टोली पाँच सय रुपैयाँका दरले थप रकम दिइनेछ ।

(६) प्रत्येक सिफ्टमा मतगणना कार्यमा खटिने प्रत्येक टोलीको ±चिया तथा खाना खर्चका लागि निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट ±पाँच हजार रूपैयाँ विविध खर्च दिइनेछ ।

---

♣ पहिलो संशोधनद्वारा थपिएको ।

± पहिलो संशोधनद्वारा संशोधित ।

(७) मतगणना कार्यको प्रगति विवरण प्राप्त गर्न एवं आवश्यक सहयोगको लागि समन्वय गर्न सहयोगी र समन्वयकर्ताको काम गरेबापत निर्वाचन अधिकारीलाई दैनिक एक हजार रूपैयाँका दरले निर्वाचन कार्यालयबाट भत्ता उपलब्ध गराइनेछ ।

(८) मुख्य निर्वाचन अधिकृतले मतगणनाको कार्यमा जिल्ला निर्वाचन कार्यालयका कर्मचारीलाई समेत समावेश गराउनु पर्नेछ ।

±(९) निर्वाचन अधिकृतको कार्यालय रहेको स्थानबाट दश किलोमिटर वा सोभन्दा टाढा रहेको कार्यालयबाट आई वा अन्य जिल्लाको कार्यालयबाट आई मतगणना कार्यमा खटिने कर्मचारीलाई मतगणना स्थलसम्म आउँदा जाँदाको र मतगणना कार्यमा खटिएको अवधिको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक तथा भ्रमण खर्च समेत भुक्तानी दिइनेछ ।

♣(१०) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि दफा ४ को उपदफा (९) मा उल्लिखित अवधिसम्म भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (६) र (६ख) बमोजिम दैनिक भत्ता पाउनेछन् । त्यसरी दैनिक भत्ता पाउने कर्मचारीले सो अवधिमा दफा ८ को उपदफा (१क) बमोजिम खाना खाजा खर्च पाउने छैन ।

♣(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफू कार्यरत स्थानमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा खटिएका निर्वाचन अधिकृत र अन्य कर्मचारीले त्यसरी खटिए बापत भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भत्ता पाउने छैनन् । त्यसरी दैनिक भत्ता नपाउने निर्वाचन अधिकृत र अन्य कर्मचारीले दफा ८ को उपदफा (१क) बमोजिम खाना खाजा खर्च पाउने छन् ।

**२०. कार्यक्रम भ्रमण खर्च (खर्च शीर्षक नं. २२६१२)** : (१) मुख्य निर्वाचन अधिकृतले आफू नियुक्ति भएपछि आफ्नो पदाधिकार रहेको स्थानबाट आफू खटिएको निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र कार्यसम्पन्न गरी आफ्नो कार्यालयमा फर्किंदाको अवधिको लागि भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची-२ मा उल्लिखित प्रथम तहले पाए सरहको र निर्वाचन अधिकृतले द्वितीय तहले पाए सरहको दैनिक तथा भ्रमण भत्ता भुक्तानी पाउनेछ ।

(२)निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको दैनिक भत्ता पाउँदा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने दैनिक भत्तामा सो रकम समेत थप गरी पाउनेछ ।

(३) निर्वाचनको काममा एक जिल्लाबाट अर्को जिल्लामा काजमा खटिने कर्मचारीलाई त्यसरी काजमा खटाउने जिल्लाको ±मुख्य निर्वाचन अधिकृतको कार्यालयले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम काजमा खटाएको जिल्लाको सदरमुकामसम्म पुग्दा र सो सदरमुकामबाट आफ्नो जिल्लास्थित कार्यालयमा फर्कंदाको अवधिको दैनिक तथा भ्रमण भत्ता यकिन गरी भुक्तानी दिनु पर्नेछ ।

---

± पहिलो संशोधनद्वारा संशोधित ।

♣ पहिलो संशोधनद्वारा थपिएको ।

(४) उपदफा (३) बमोजिम खटिएको जिल्लामा कर्मचारी पुगेपछि पुगेको दिनदेखिको दैनिक तथा भ्रमण भत्ता भ्रमण खर्च नियमावली, २०६४ बमोजिम खटिएकै जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट दिनुपर्नेछ ।

(५) दफा ५ बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिने सुरक्षाकर्मीले काम गरेको दिनको लागि खाजा खर्च बापत दैनिक तीन सय रूपैयाँ पाउनेछन् । त्यस्ता सुरक्षाकर्मीहरूले सिफ्ट अनुसार काम गरेमा सो रकम दामासाहीको हिसाबले पाउने छन् । खाजा खर्च बापत भुक्तानी दिने रकममा कर कट्टा गर्नुपर्ने छैन ।

## परिच्छेद – ४

## मतदान केन्द्रमा खटिने कर्मचारी र मतदान केन्द्रको लागि खर्चसम्बन्धी व्यवस्था

**२१. ढुवानी खर्च** (**खर्च शीर्षक नं**.२२३११) : (१) मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको ठाउँबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणनाका लागि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गर्न पैदल हिँड्नु परेमा छ कोससम्मको दूरीको लागि एकदिन कायम गरी प्रतिदिन प्रति मतपेटिका चारसय रूपैयाँका दरले हुने एकमुष्ट रकम मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृतलाई ढुवानी खर्च दिनेछ ।

(२) मतदान अधिकृतले सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा निजलाई उपदफा (१) बमोजिमको हुने रकमको पचास प्रतिशतले हुन आउने रकममा नबढ्ने गरी ढुवानी बापत रकम दिइनेछ ।त्यसरी खर्च लेख्दा दोहोरो हुनेगरी खर्च लेख्न पाइनेछैन ।

(३) मतगणना कार्य सम्पन्न भएपछि आफ्नो कार्यालयबाट जिल्ला निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले मिलाउनु पर्नेछ । यस कार्यका लागि निर्वाचन अधिकृतको कार्यालयले उपदफा (१) र (२) बमोजिम हुने रकम ढुवानी बापत खर्च लेख्न पाउने छ ।

**२२. मतदान केन्द्र निर्माण खर्च** (**खर्च शीर्षक नं**.२२७११) : मतदान केन्द्र निर्माण गर्नका लागि भवन भएका मतदान केन्द्रका मतदान अधिकृतलाई एकमुष्ट तीन हजार रूपैयाँ र भवन नभएका मतदान केन्द्रका मतदान अधिकृतलाई एकमुष्ट पाँच हजार रूपैयाँ दिइनेछ ।

**२३. बत्ती खर्च** (**खर्च शीर्षक नं**.२२७११) : मतदान केन्द्रमा बत्तीको व्यवस्था गर्नको लागि मतदान अधिकृतलाई एकमुष्ट एक हजार रूपैयाँ दिइनेछ ।

**२४. स्वयंसेवक खर्च**(**खर्च शीर्षक नं**.२११११९) : मतदान केन्द्रमा स्वयं सेवकको रूपमा नियुक्त हुने कार्यालय सहयोगी र अन्य स्वयम् सेवकलाई खाना खाजा बापत तीन दिनको लागि प्रतिव्यक्ति प्रतिदिन छसय रूपैयाँका दरले हुन आउनेरकम मतदान अधिकृतलाई एकमुष्ट दिइनेछ । खाना खाजा खर्चबापत दिइने रकममा कर कट्टी गर्नुपर्ने छैन ।

**२५. <u>मतदान अधिकृतको थप सुविधा</u>** (**खर्च शीर्षक नं**.२२७११) : मतदान अधिकृतलाई चियापान खर्चको लागि दुई हजार रूपैयाँ र मोबाईल फोन रिचार्जको लागि एकहजार पाँचसय रूपैयाँ गरी एकमुष्ट तीनहजार पाँच सय रूपैयाँ भुक्तानी दिइनेछ ।

**२६. <u>दैनिक तथा भ्रमण भत्ता</u>***(खर्च शीर्षक नं.२२६१२)*: (१) मतदान केन्द्रमा खटाइएका मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र घुम्ती टोलीमा खटिएका अधिकृत एवं कर्मचारी र सवारी चालकको लागि देहायको दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

| सि.नं. | दर्जा | प्रतिदिन दै.भ्र.रु. | कैफियत |
|---|---|---|---|
| १ | घुम्ती टोली अधिकृत | २,०००।- | |
| २ | मतदान अधिकृत | २,०००।- | |
| ३ | सहायक मतदान अधिकृत | १६००।- | |
| ४ | सहायक कर्मचारी | १३००।- | |
| ५ | घुम्ती टोलीमा समावेश भएको सवारी चालक | १२००।- | |
| ६ | घुम्ती टोलीमा समावेश भएको कार्यालय सहयोगी | १०००।- | |
| ७ | कार्यालय सहयोगी | १०००।- | |

तर सहायक मतदान अधिकृत राजपत्रांकित स्तरको कर्मचारी भएमा मतदान अधिकृत सरह नै दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(२) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन (सवारी साधन नचल्ने स्थानको लागि प्रतिदिन छ कोसको दरले) र मतदान केन्द्रमा बस्ने तीन दिनको समेत दैनिक तथा भ्रमण भत्ता दिइनेछ । कोसको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्मको दूरीको मात्र दिन गणना गरी दैनिक तथा भ्रमण भत्ता दिनु पर्नेछ ।

(३) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन उपस्थित हुँदाको दिनको र तयारी म्यादको गरी दुई दिनको थप दैनिक भत्ता दिइनेछ ।

(४) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका सङ्गठित संस्थाका कर्मचारी मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी वा कार्यालय सहयोगीको रूपमा मतदान केन्द्रमा खटिएको अवस्थामा त्यस्तो कर्मचारीको तह मिलान गरी निजले अन्य कर्मचारीले पाए सरह दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(५) उपदफा (४) बमोजिमको कर्मचारीले निजको संस्थाको नियम अनुसार सोही उपदफामा उल्लिखित रकम भन्दा बढी रकम पाउने रहेछ भने निर्वाचन अधिकृतको कार्यालयले त्यस्तो संस्थाको कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम लेखी आएपछि सम्बन्धित कार्यालयले त्यस्तोनपुग रकम त्यस्तो कर्मचारीलाई भुक्तानी दिनु पर्नेछ ।

(७) भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक तथा भ्रमण भत्तामा थप रकम पाउने स्थानमा खटिने कर्मचारीहरूलाई सो नियमावली अनुसारको थप रकम समेत उपलब्ध गराइने छ ।

**२७. घुम्ती टोली (खर्च शीर्षक नं.२२६११):** (१) जिल्लाभर मतदान कार्यको अनुगमन गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालयले देहाय बमोजिम तीन वटासम्म घुम्ती टोली खटाउन सक्नेछ ।

(क) छ वटा भन्दा कम स्थानीय तह भएको जिल्लामा एउटा,

(ख) सात देखि बाह्र वटासम्म स्थानीय तह भएको जिल्लामा दुई वटा,

(ग) तेह्र भन्दा बढी स्थानीय तह भएको जिल्लामा तीन वटा ।

(२) घुम्ती टोलीमा राजपत्रांकित अधिकृत एक, सवारी चालक एक र आवश्यक संख्याका सुरक्षाकर्मी रहनेछन् ।

(३) घुम्ती टोलीमा खटिने सुरक्षाकर्मी बाहेकका कर्मचारीले देहाय बमोजिमको सुविधा पाउने छन्:-

(क) प्रत्येक टोलीलाई खाजा खर्च बापत दुई हजार रूपैयाँटोली प्रमुखलाई एकमुष्ट दिइनेछ । सवारी साधन चल्ने गाउँपालिका वा नगरपालिकामा इन्धनको लागि बढीमा दुईहजार रूपैयाँ टोली प्रमुखलाई दिइने छ ।

(ख) सवारी साधन नचल्ने गाउँपालिका वा नगरपालिका क्षेत्रमा खटिने टोलीमा राजपत्रांकित अधिकृत एक र कार्यालय सहयोगी एक समेत दुईजना रहने छन् । प्रत्येक टोलीलाई खाना खर्च बापत एकमुष्ट दुई हजार रुपैयाँ टोली प्रमुखलाई दिइनेछ । इन्धन बापत खर्च लेख्न पाइने छैन ।

♣(४) मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आफ्नो क्षेत्रको मतदान केन्द्रहरुको अनुगमन तथा निरीक्षण गर्दा क्रमश: एकमुष्ठ पाँच हजार रुपैयाँ र तीन हजार रुपैयाँ खर्च गर्न सक्नेछ ।

**२८. गाउँ कार्यपालिका र नगर कार्यपालिका सदस्यको निर्वाचनको लागि खर्च (खर्च शीर्षक नं.२२७११) :** (१) गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला र दलित वा अल्पसंख्यक सदस्यको निर्वाचन कार्यक्रम सञ्चालन गर्ने तथा मतदान र मतगणना कार्यको व्यवस्थापन र रेखदेख गर्ने जिम्मेवारी निर्वाचन अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनको लागि मतपत्रको व्यवस्था सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयले गर्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा थपिएको ।

(३) निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र लगायतका निर्वाचन सामग्री लिन आउने र लिईजाने कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियमानुसार दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिइने छ ।

(४) उपदफा (१) बमोजिमको निर्वाचनमा मतदान कार्यसञ्चालन र मतगणना कार्य सम्पन्न गर्न निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारी मध्येबाट देहायको संख्यामा जनशक्ति परिचालन गरिनेछः-

(क) मतदान तथा मतगणना अधिकृत एक जना

(ख) सहायकस्तर कर्मचारी दुई जना

(ग) कार्यालय सहयोगी एक जना

(५)मतदान कार्य र मतगणना कार्यमा खटिने अधिकृतस्तरका कर्मचारीलाई एकमुष्ट दुई हजार रूपैयाँ, सहायकस्तर कर्मचारीलाई एक हजार तीनसय रूपैयाँ र कार्यालय सहयोगी कर्मचारीलाई एकमुष्ट एक हजारएकसय रूपैयाँ थप भत्ता दिइने छ ।

(६) उपदफा (१) बमोजिमको निर्वाचन व्यवस्थापन गरेबापत निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट तीन हजार रूपैयाँ रकम उपलब्ध गराइनेछ ।

(७) मतपत्र व्यवस्थापनको प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई उपदफा (५) बमोजिमको रकमको अतिरिक्त सात हजार रूपैयाँ थप उपलब्ध गराइनेछ ।

**२९. <u>खर्च लेखी भुक्तानी दिनुपर्ने</u> :**(१) मुख्य निर्वाचन अधिकृतको कार्यालयलेजिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाका मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीलाई दफा २६ बमोजिमको दैनिक तथा भ्रमण भत्ता हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची-१ बमोजिमको भर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(२) मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाभरका मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई दफा २१, २२, २३, २४, र २५अनुसारको रकम अनुसूची-२बमोजिमकोभर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(३) मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाभरका गाउँपालिका वा नगरपालिकामा घुम्ती टोलीमा खटिने कर्मचारीहरूको लागि दफा २७ अनुसारको रकम सहित अन्य रकम अनुसूची-३ बमोजिमको भर्पाई गराई खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(४) दफा ४ को उपदफा (५), (७) र (८) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा काजमा ल्याइएका जनशक्तिलाई प्रत्येक दिनका लागि दैनिक भत्ता बापत देहाय बमोजिम हुनआउने रकम एकमुष्ट भुक्तानी दिइने छ :

(क) अधिकृतस्तर एकहजार आठ सय रूपैयाँ

(ख) सहायक स्तर एक हजार पाँच सय रूपैयाँ

(ग) कार्यालय सहयोगी एक हजार एक सय रूपैयाँ

**३०. <u>विल भर्पाई पेश गर्नु नपर्ने</u> :** दफा २१, २२, २३, २४, २५, २६ र २७ को खर्चको छुट्टै बील पेश गर्नुपर्ने छैन ।

३१. **स्रेस्तातथा फाँटवारी तयार गर्नुपर्ने:**निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम बजेट सीट, खर्चको फाँटवारी, मागफाराम, खरिद आदेश, दाखिला रिपोर्ट, बैंक नगदी किताब र पेश्की लेजर आदिको रीतपूर्वकको स्रेस्ता राख्नु पर्नेछ र काम समाप्त भएको पाँचदिनभित्र अनुसूची-४ बमोजिमको समष्टिगत खर्चको विवरण तयार गर्नुपर्नेछ ।

३२. **थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने :**(१)निर्वाचन अधिकृतले यस निर्देशिकामा उल्लेख भएको रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त कारण र पुष्ट्याईसहित स्वीकृतिको लागि आयोग समक्षलेखी पठाउनु पर्नेछ र आयोगले सो सम्वन्धमा दिएको निर्देशन बमोजिम गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा निर्वाचन अधिकृतले निर्वाचन आयोगको अनुमति प्राप्त गरिसकेपछि मात्र खर्च गर्नु पर्नेछ ।

३३. **खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने :**निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतले प्रत्येक खर्चको बील, भर्पाई र फाँटवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता अनिवार्य रूपमा प्रमाणित गरी राख्नु पर्नेछ ।

३४. **राजश्व खातामा रकम दाखिला गर्नुपर्ने :**(१) निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा जम्मा गरी सोको स्रेस्ता तयार गरी म.ले.प.फा.नं.९ र म.ले.प.फा.नं.१५ सहित दोस्रो प्रति भौचर र आन्तरिक लेखापरीक्षण गराई प्रमाणित आर्थिक विवरण र सक्कल स्रेस्ता सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२)निर्वाचन अधिकृतको कार्यालयले आयोगबाट बिक्रीको लागि पठाइएका मतदाता नामावली जिन्सी खातामा आम्दानी बाँधी खर्च लेख्नुपर्नेछ र सो नामावली बिक्री बापतको रकम राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

३५. **रकम फिर्ता गर्नुपर्ने :**निर्वाचन अधिकृतको कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यलयमा फिर्ता गरी हिसाब मिलान गर्नुपर्नेछ ।

३६. **बाँकी रकम खातामा जम्मा गर्ने :**निर्वाचनको परिणाम घोषणा भएको पाँच दिनभित्र निर्वाचन अधिकृतले धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा ट्रान्सफर गरी त्यस्तो खाता बन्द गर्नु पर्नेछ र सो को जानकारी सहितको विवरण आयोग र जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ ।

**स्पष्टिकरण:** यस दफा र दफा ३८ को प्रयोजनको लागि “निर्वाचन परिणाम” भन्नाले गाउँ कार्यपालिकाको वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसंख्यक सदस्यको निर्वाचन परिणाम सम्झनु पर्छ ।

३७. **मासिक फाँटवारी पठाउनु पर्ने :**निर्वाचन अधिकृतको कार्यालयले हरेक महिनाको बजेट उपशीर्षकगत, खर्च शीर्षकगत मासिक फाँटवारी छिटो माध्यमद्वारा अर्को महिनाको ३ गतेभित्र आयोगको आर्थिक प्रशासन शाखाले पाउने गरी अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

**३८. आन्तरिक लेखा परीक्षण गराई स्रेस्ता पठाउनु पर्ने** :(१) आन्तरिक लेखा परीक्षणको लागि जिल्ला स्थित निर्वाचन अधिकृतले विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता निर्वाचन परिणाम घोषणा भएको पाँच दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(२) सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम स्रेस्ता आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण भई स्रेस्ता प्राप्त भएपछि निर्वाचन परिणाम घोषणा भएको पन्ध्र दिनभित्र सो सम्बन्धी सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ । जिल्ला भित्रको सबै निर्वाचन अधिकृतबाट स्रेस्ता तथा आर्थिक विवरण प्राप्त भएपछि अन्तिम लेखा परीक्षणको लागि निर्वाचन अधिकारीले बाटोको म्यादबाहेक पाँच दिनभित्र आयोगमा बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ताको आन्तरिक लेखा परीक्षण गर्ने सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको कर्मचारीलाई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले एक हजार दुई सय रूपैयाँ एकमुष्ट  खर्च शीर्षक नं. २२७११ बाट खाजा खर्च बापत भुक्तानी दिनु पर्नेछ र खाजा खर्च बापतको यस्तो रकममा कर कट्टी गर्नुपर्ने छैन ।

(५) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मौज्दात रहेका सम्पूर्ण जिन्सी सामान कार्यालय बन्द भएपछि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाई भर्पाई लिनु पर्नेछ र सोको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नुपर्नेछ ।

**३९. अन्तिम लेखा परीक्षण** :दफा ३८ बमोजिम विनियोजन, राजस्व र धरौटी तर्फका स्रेस्ता प्राप्त भएपछि आयोगले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउने छ ।

**४०. निर्वाचन अधिकृतको दायित्व** : आर्थिक कारोबार गर्दा वा गराउदा निर्वाचन अधिकृतको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) प्राप्त अख्तियारीको परिधिभित्र रही यस निर्देशिकामा उल्लेख भए अनुसार रीतपूर्वक खर्च गर्ने,

(ख) खर्च भएको रकमको समयमै आन्तरिक लेखापरीक्षण गराई  सम्बन्धित निर्वाचन कार्यालयमा स्रेस्ता बुझाउने,

(ग) लेखा परीक्षणबाट औंल्याइएको पेश्की तथाबेरुजु फछ्र्यौट वा असुल गर्नुपर्ने भए फछ्र्यौट वा असुल समेत गरी बेरुजु फछ्र्यौट गर्ने, सो सम्बन्धमा कुनै स्पष्टीकरणको आवश्यकता देखिएमा सोको जानकारी निर्वाचन आयोगमा पठाउने र कुनै पनि किसिमको पेश्की रकम बाँकी र बेरुजु नहुनेतर्फ ध्यान दिनु पर्नेछ ।

**४१. असुल उपर गरिने** : यस निर्देशिकाको उल्लंघन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

**४२. खर्च सार्वजनिक गर्नुपर्ने** :निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण निर्वाचन आयोगले सार्वजनिक गर्नेछ ।

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७३।१२ ।**

**अनुसूची-१**

**(दफा २९ को उपदफा (१) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य निर्वाचन अधिकृतको कार्यालय

... ... ... ... ...जिल्ला

# भर्पाई

संकेत :- ... ...

नियुक्तिपत्रको नं. ... ...

मिति :-... ... ...

गाउँपालिका/नगरपालिका/वडा नं. ...

१.० खटिएको मतदान केन्द्र : ... ... ...

१.१ मतदान केन्द्रको क्रम संख्या : ... ...

१.२ सदरमुकामबाट मतदान केन्द्रको दूरी (मा) : ... ... ...

१.३ सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्र, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयबाट आफू कार्यरत कार्यालयमा फर्किंदा लाग्ने दिन (प्रतिदिन ६ कोसको दरले) : ... ........... ....... ......दिन

१.४ हाजिर हुँदा र तयारी म्यादको दिन : २ दिन

१.५ मतदान केन्द्रमा रहने दिन : ३ दिन

जम्मा दिन : ... ... ... ...

२. कर्मचारीको नाम, थर          २.१ पद :          २.२ दर्जा :

२.३ कार्यालय :

२.४ स्थायी ठेगाना     वडा नं.     ठाँउ     गाउँपालिका/न.पा., जिल्ला

२.५ अस्थायी ठेगाना     वडा नं.     ठाँउ     गाउँपालिका/न.पा., जिल्ला

३. मतदान केन्द्रमा खटिने कर्मचारीको खर्च :

| ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.७ |
|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | शीर्षक | दर | जम्मा दिन | जम्मा रकम | कैफियत |
| १ | | दैनिक भत्ता | | | | सदरमुकाम सम्म आउँदा र जाँदा |
| २ | | भ्रमण खर्च (यातायात) | | | | |
| ३ | २६(१) | मतदान केन्द्र सम्मको आतेजाते (मतदान केन्द्रमा बस्दाको ३ दिन समेत) | | | | |
| ४ | ♦२६(३) | नि.अ.को कार्यालयमा काज | | २ | | |

♦ पहिलो संशोधनद्वारा संशोधित ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बस्दाको (तयारी म्याद समेत) | | | | |
| | | जम्मा | | | | |

जम्मा रु. … … … … (अंकमा)

जम्मा रु. … … … … (अक्षरमा)

**द्रष्टव्य** : [∝]…………..

४. माथि उल्लेख भए बमोजिम रकम

बुझिलिने कर्मचारीको नाम :

सही : मिति :

५. रकम दिने कर्मचारीको नाम

सही : मिति :

६. प्रमाणित गर्ने अधिकृतको नाम

सही : मिति

**द्रष्टव्य :**

मतदान केन्द्रमा खटिने कुनै कर्मचारी निर्वाचन अधिकृतको कार्यालयमा मतगणना कार्यमा खटिएकोमा त्यसरी मतगणनाको काममा खटिएको दिनको दैनिक भत्ता रकम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाटै भुक्तानी हुने भएकोले यसमा हिसाब गर्नुपर्ने छैन ।

[∝] पहिलो संशोधनद्वारा झिकिएको ।

**अनुसूची-२**

**(दफा २९ को उपदफा (२) सँग सम्बन्धित)**

निर्वाचन आयोग

मुख्य निर्वाचन अधिकृतको कार्यालय

… … … … …जिल्ला

**भर्पाई**

संकेत :- … …

नियुक्तिपत्रको नं. … …

मिति :-… … …

गा.वि.स/न.पा./वडा नं. …

१.० खटिएको मतदान केन्द्र : … … …

१.१ मतदान केन्द्रको क्रम संख्या : … …

१.२ सदरमुकामवाट मतदान केन्द्रको दूरी (कोसमा) : … … …

१.३ सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म

आउँदा लाग्ने दिन (प्रतिदिन ६ कोसको दरले) : … … …

१.४ मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) : … … …

२. मतदान अधिकृतको नाम, थर :

२.१ कार्यालय :

२.२ स्थायी ठेगाना वडा नं. ठाउँ गाउँपालिका/न.पा.जिल्ला

२.३ अस्थायी ठेगाना वडा नं. ठाउँ गाउँपालिका/न.पा.जिल्ला

३. मतदान केन्द्रको खर्च :

| ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.७ |
|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | शीर्षक | दर | दिन | जम्मा | कैफियत |
| १ | २१ | ढुवानी खर्च | | | | |
| २ | २२ | मतदान केन्द्रको निर्माण खर्च | | | | |
| ३ | २३ | बत्तीको खर्च | | | | |
| ४ | २४ | स्वयंसेवक खर्च | | | | |
| ५ | २५ | मतदान अधिकृतको थप सुविधा | | | | |

जम्मा रु. ... ... ... ... (अंकमा )

जम्मा रु. ... ... ... ... (अक्षरमा )

माथि उल्लेख भए बमोजिमको रकम :-

४. माथि उल्लेख भए बमोजिम रकम

बुझिलिने कर्मचारीको नाम :

सही : मिति :

५. रकम दिने कर्मचारीको नाम :

सही : मिति :

६. प्रमाणित गर्ने अधिकृतको नाम :

सही : मिति :

**द्रष्टव्यः**
मतदान कार्य सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयमा बुझाएका मतपेटिका जिल्ला निर्वाचन कार्यालयसम्म ढुवानी गरी ल्याउने कार्य सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट हुने भएकोले मतदान अधिकृतलाई मतपेटिका र निर्वाचन सामग्रीको ढुवानी बापतको रकम भुक्तानी दिदा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म पुऱ्याउँदा लाग्ने रकम मात्र भुक्तानी दिनुपर्छ ।

**अनुसूची-३**

**(दफा २९ को उपदफा (३) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

मुख्य निर्वाचन अधिकृतको कार्यालय

... ... ... ... ...जिल्ला

**भर्पाई**

संकेत :- ... ...

नियुक्तिपत्रको नं. ... ...

मिति :-... ... ...

गा.वि.स/न.पा./वडा नं. ...

१.० घुम्ती टोलीको लागि खटिएको मतदान केन्द्र : ... ... ...

१.१ सदरमुकामवाट मतदान केन्द्रको जम्मा दूरी (कोसमा) : ... ... ...

१.२ सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्र वा कुनै गाउँपालिका वा नगरपालिका स्थित निर्वाचन अधिकृतको कार्यालयसम्म जाँदा

आउँदा लाग्ने दिन (प्रतिदिन ६ कोसको दरले) : ... ... ...

२. घुम्ती टोलीमा खटिने कर्मचारीको नाम, थर :

२.१ कार्यालय :

२.२ स्थायी ठेगाना वडा नं. ठाँउ गाउँपालिका/न.पा.जिल्ला

२.३ अस्थायी ठेगाना वडा नं. ठाँउ गाउँपालिका/न.पा.जिल्ला

| ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.७ |
|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | शीर्षक | दर | दिन | जम्मा | कैफियत |
| १ | २७(३) | खानाखाजा खर्च | | | | |
| २ | २७(३) | इन्धन खर्च | | | | |
| | | जम्मा : | | | | |

जम्मा रु. ... ... ... ... (अंकमा )

जम्मा रु. ... ... ... ... (अक्षरमा )

माथि उल्लेख भए बमोजिमको रकम :-

४. माथि उल्लेख भए बमोजिम रकम
बुझिलिने कर्मचारीको नाम :
सही : मिति :

५. रकम दिने कर्मचारीको नाम :
सही : मिति :

६. प्रमाणित गर्ने अधिकृतको नाम :
सही : मिति :

**अनुसूची-४**

**(दफा ३१सँग सम्बन्धित)**

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

....................... जिल्ला

............................ गाउँपालिका/नगरपालिका

**समष्टी खर्चको विवरण**

| सि.नं. | कार्यालय सम्बन्धी खर्च रु. (दफा ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, २० र २८ अनुसार | | मतगणना खर्च रु. (दफा १९ अनुसार) | अन्य खर्च रु. (दफा ३८(३) अनुसार) | | मतदान केन्द्रको खर्च रु. (दफा २१, २२, २३, २४, २५, २६ अनुसार) | घुम्ती टोलीको खर्च (दफा २७ अनुसार) | थप जनशक्ति खर्च (दफा २९ अनुसार) | जम्मा खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |